शैल्यशिखर नगरपालिका द्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः ७ संख्याः ३४ मितिः २०८०/११/१४

भाग-२

शैल्यशिखर नगरपालिका

# कृषक पाठशाला तथा कृषक कार्ड योजना सञ्चालन कार्यविधि, २०८०

| | |
|---|---|
| नगरकार्यपालिकाबाट स्वीकृत मिति | २०८०।११।१४ |

## कृषक पाठशाला तथा कृषक कार्ड योजना संचालन कार्यविधि,२०८०

### स्थानीय सरकार नगर कार्यपालिकाको मिति २०८०/११/१४ गतेको निर्णयबाट स्वीकृत

**पृष्ठभूमिः**

किसानहरुको घर घरमा गई आधुनिक कृषि प्रविधि सम्बन्धि जानकारी गराउन धेरै प्राविधिकहरुको आवश्यकता पर्ने हुन्छ तसर्थ स्थानीय स्तरमा नै किसानहरुलाई उनीहरुको खेतबारीमा नै बालि अवधिभर बालि उत्पादन संग सम्बद्द समस्याहरु केन्द्रित भई सहभागितात्मक खोज र प्रयोगका आधारमा बालि उत्पादनका नविनतम प्रविधिहरु अभ्यास गर्ने थलो कृषक पाठशाला हो। नेपालमा सर्बप्रथम कृषक पाठशाला पद्दतिको प्रयोग एकिकृत सत्रुजिब व्यवस्थापन कार्यका लागि भएको। त्यसै गरि विश्वखाद्य तथा पोषण कार्यक्रमको सहयोगमा तत्कालिन मध्य तथा सुदुर पश्चिमान्चल क्षेत्र १९ जिल्लामा संचालित कृषि तथा खाद्य सुरक्षा आयोजनाले विभिन्न वालीहरुमा नविनतम कृषि प्रविधिहरु प्रसारको माध्यमको रुपमा कृषक पाठशाला पद्दती अबलम्बन गरेको पाईन्छ। तसर्थ,आधुनिक कृषि प्रविधि प्रसार गर्ने सशक्त माध्यम तथा स्थलको रुपमा उभिएको कृषक समूह मार्फत एक बाली अवधिभर कृषक पाठशाला संचालन गरी पाठशालाको माध्यमबाट नविनतम कृषि प्रविधि किसान समक्ष पुर्याउन स्थानीय सरकार संचालन ऐन २०७४को दफा २ को उपदफा (भ) मा उल्लेखित अधिकार प्रयोग गरि "कृषक पाठशाला तथा कृषक कार्ड योजना संचालन कार्यविधि,२०८०" तयार गरि लागु गरिएको छ।

### परिच्छेद -१

### प्रारम्भिक

❖ संक्षिप्त नाम र प्रारम्भः

- यो कार्यविधिको नाम "कृषक पाठशाला संचालन कार्यविधि २०८०" रहेको छ।
- यो कार्यविधि स्थानीय सरकार नगरकार्यपालिकाबाट स्विकृत भएको मिति देखि लागु हुनेछ।

❖ परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

- "श्रोत व्यक्ति" भन्नाले एक बाली अवधिको कृषक पाठशाला प्रशिक्षक प्रशिक्षण तालिम प्राप्त अधिकृत वा ज्ञान केन्द्र वा स्थानीय तहमा उपलब्ध एक बाली अवधिको कृषक पाठशाला प्रशिक्षक प्रशिक्षण तालिम प्राप्त कृषि प्राविधिकलाई बुझ्नु पर्छ।
- "कृषक सहजकर्ता" भन्नाले एक बाली अवधिको कृषक पाठशाला प्रशिक्षक प्रशिक्षण तालिम प्राप्त कृषकलाई बुझ्नु पर्छ।
- "कृषक पाठशाला" भन्नाले २५ देखि ३० जना महिला पुरुषहरुको समूह हो जसलाई कक्षाभित्र पठन पाठन गराउनुको साटो खेतमा व्यवहारीक प्रयोगात्मक र खोजपुर्ण तरिकाहरु अपनाई बाली अवधिभर नियमित रुपले बाली बातावरण

CamScanner

भोज राज भट्ट
प्रमुख प्रशासकीय अधिकृत

प्रणालीको अवलोकन, विश्लेषण र समूह छलफलको आधारमा आफु-आफैले ठोस निर्णय लिएर तत्काल आएका समस्याहरु समाधान गर्न सक्ने गरि दक्ष बनाउने स्थान बुझ्नु पर्छ।

❖ **कार्यक्रम संचालनको उदेश्यः**

**कृषक पाठशाला कार्यक्रमको उदेश्य देहाय बमोजिम हुनेछः**

- प्रमाणित उन्नत प्रविधिहरु स्थलगत रुपमा सहभागितात्मक कृषि प्रसारको माध्यमबाट कृषि प्राविधिकहरुले किसानहरुमा प्रवाह गर्ने।
- प्राविधिकबाट कृषकहरुमा नै जानकारी तथा चेतना जगाई प्रबिधि हस्तान्तरणमा कृषक स्वयमंलाई सहभागी गराई कृषकहरुको क्षमता विकास मार्फत कृषि उत्पादनमा वृदि ल्याउने।
- कृषकको निर्णय गर्न सक्ने क्षमता सुधार गरि कृषकलाई दक्ष बनाउने।
- बाली अवधिभर प्रयोगात्मक विधिबाट समस्या पहिचान र समस्याको समाधान खोजपूर्ण तरिका अवलम्वन र स्थानीय श्रोत साधनको अधिकतम परिचालन गर्नु।
- कृषकहरुलाई आफ्नै अनुभव बाट सिकाएर दक्ष बनाउने।
- भौगोलिक हिसावले बालीको उपर्युक्त बिउ पहिचान गर्ने।

## परिच्छेद-२
## कार्यक्रम संचालन प्रक्रिया

❖ **कार्यक्रम संचालन प्रक्रिया**

**यस कार्यक्रम देहाय बमोजिम संचालन गरिनेछः**

- कृषक पाठशाला कार्यक्रमको संचालन यस नगरपालिका अर्न्तगत रहेको कृषि विकास शाखाले स्रोत व्यक्ति तथा कृषक सहजकर्ता मार्फत गर्नेछ ।
- यस नगरपालिका भित्रका ९ वटै वडाहरुमा १/१ वटा पाठशाला गरि जम्मा ९ वटा पाठशाला संचालन गरिनेछ ।
- कृषि विकास शाखाबाट प्रविधि ग्रहणको स्तर विषादी प्रयोग स्थिति, कृषकहरुको साँगठनिक अवस्था सामाजिक पूंजि(कृषि समुह तथा सहकारी) को अवस्था र चेतनास्तर आदीलाई मध्यनजर गर्दै कार्यक्रम संयोजकले कृषक पाठशाला सञ्चालन गर्ने स्थान,कृषक समुह/कृषि सहकारीहरुछनौट गर्नेछ । समुह र सहकारी छनौट गर्दा महिला, जनजाति, दलित, विपन्न, पिछडिएका समुदाय र क्षेत्रलाई प्राथमिकता दिनुपर्ने छ। विगतका बर्षहरुमा कृषक पाठशाला सञ्चालन नभएका कृषक समुह तथा सहकारीहरुलाई प्राथमिकता दिनुपर्नेछ ।

भोज राज भट्ट
प्रमुख प्रशासकीय अधिकृत

भोज राज भट्ट
प्रमुख प्रशासकीय अधिकृत

- यस कार्यक्रमको संयोजक सम्बन्धित कृषि विकास शाखाको कृषि अधिकृत वा कृषि अधिकृत नभएको अवस्थामा प्रमुखले तोकेको अन्य अधिकृत वा कर्मचारी हुनेछ।
- पाठशाला संचालन गरेका किसानहरुलाई कृषि तर्फ थप प्रोत्साहन गर्न थोपा सिचाई सहितको बाँसको संरचना युक्त प्लाष्टिक टनेल निर्माण गरिनेछ ।
- कृषक कार्ड योजनाको लागि यसै अन्तर्गत किसान सूचीकरण कार्यक्रम संचालन गरिनेछ ।
- किसान सूचीकरणको हकमा नेपाल सरकार कृषि तथा पशुपन्क्षि मन्त्रालयको किसान सूचीकरण संचालन कार्यविधि २०७७ लाई आधार मानेर गरिनेछ ।

❖ **समुह छनौट पश्चात कार्यक्रम संञ्चालन प्रकृया :**

- कृषक पाठशाला सञ्चालन गर्नु अगाडी कृषक पाठशाला सहजकर्ता (Field School Facilitator) जनप्रतिनिधि, स्थानिय तहमा कार्यरत कृषि प्राविधिक समेत स्थलमा गई पाठशाला सञ्चालन गर्ने क्षेत्रमा रहेका कृषक,महिला वा मिश्रित समुहको समेत सहभागीता हुनेगरी २५ जनाको कृषक समुह छनौट गर्न १ पटक अर्न्तकृया गोष्ठी गर्ने ।
- तुलानात्मक अध्ययन तथा परीक्षणहरु संञ्चालन गर्न आवश्यक जग्गा (अन्न बालीको लागि पहाडमा ५०० वर्ग मि. तराईमा १००० वर्ग मि. र तरकारी बालिको लागि ५०० वर्ग मि. खेतबारीको छनौट गर्ने र कृषकहरु जम्मा भई छलफल गर्ने ।
- कुनै बालीको बाली अवधिभर कृषक समुहले निर्धारण गरेको हप्ताको १ दिन बिहान ७ बजे देखि १२ बजे सम्म अध्ययन र तालिम सञ्चालन गर्ने ।
- कृषकहरुको आवश्यकता अनुसार कृषि संग सम्बन्धित बिषयबस्तुमा कम्तीमा ३ वटा बिशेष कक्षा संचालन गर्नुपर्ने छ।
- हरेक बालीमा बाली नभित्र्याउदै अन्य कृषकहरुलाई यस प्रविधिको बिस्तार उदेश्य राखी आमन्त्रित पाहुना र अन्य कृषकहरुलाई अध्ययन स्थल भ्रमण, स्थल निरिक्षण, सांस्कृतिक कार्यक्रम गराई कृषक दिवस मनाउने। उक्त कृषक दिवसमा कृषक पाठशालामा सहभागी कृषकहरुलाई प्रमाणपत्र वितरण सहितको एक समापन समारोह संचालन गर्ने।

भोज राज भट्ट
प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner

भोज राज भट्ट
प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद-३

## सम्झौता तथा भुक्तानी प्रक्रिया

❖ **लागत अनुमान तथा सम्झौताः**

- कार्यक्रम संचालन स्थल समूह तथा सहकारी छनौट पश्चात कार्यक्रम संयोजकले कृषक पाठशालाको लागत अनुमान तयार गरि स्विकृतिकालागि कार्यालय प्रमुख समक्ष पेश गर्नु पर्नेछ।
- स्विकृत लागत अनुमान अनुसार सम्बन्धित कृषि बिकास शाखाले कृषक सहजकर्ताहरु बाट संचालन गर्ने भएमा आवश्यक तथा शर्त उल्लेख गरि सम्झौता गर्नु पर्नेछ।
- कार्यक्रम संचालनका लागि सम्बन्धित सहजकर्ता तथा श्रोत व्यक्तिलाई प्रथम किस्तामा अधिकतम ४० प्रतिशत पेश्की स्वरूप कार्यक्रम संचालन पूर्व उपलब्ध गराइने छ र कार्य सम्पन्न प्रतिबेदनको आधारमा बाँकी रकम भुक्तानी गरिने छ।

❖ **जिम्मेवार निकायः**

नगरपालिका, सम्बन्धित वडा कार्यालय ।

❖ **कार्वाहीको व्यवस्थाः** स्विकृत योजना अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरिएको पाईएमा प्रचलित ऐन नियम तथा कानुन बमोजिम कार्वाही हुनेछ।

❖ **आर्थिक प्रशासन सेवाः** कार्यक्रमको लेखा,लेखांकन र लेखा परिक्षण प्रदेश आर्थिक कार्यविधि ऐन २०७९, प्रदेश आर्थिक नियमावली २०७९,सार्वजनिक खर्चको मापदण्ड,कार्यविधि,मितव्ययिता सम्बन्धि निर्देशिका २०७७,सार्वजनिक खरिद ऐन २०६३,तथा सार्वजनिक खरिद नियमावली २०७९र संघिय सरकार प्रचलित कानुन बमोजिम हुनेछ।

❖ **प्रचलित कानुन लागु हुनेः** कार्यक्रम कार्यान्वनको सम्बन्धमा यस कार्यविधिमा उल्लेख भएको हकमा यसै बमिजिम तथा कार्यविधिमा उल्लेख नभएको कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

❖ **वाधा अड्काउ फुकाउने (खारेजी एबम संशोधन)**

- कार्यविधिलाई आवश्यक्ता अनुसार नगर कार्यपालिकाले खारेज वा संशोधन गर्न सक्नेछ।
- कार्यविधि कार्यान्वनका सन्दर्भमा सम्पूर्ण ३ महिने बालीहरुमा यो कार्यविधि लागु हुनेछ।
- कार्यविधि कार्यान्वयनका सन्दर्भमा नगर कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ।
- कार्यविधि कार्यान्वयनमा बाधा अड्चन आइपरेमा वा विवाद उत्पन्न भएमा नगर कार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

भोज राज भट्ट
प्रमुख प्रशासकीय अधिकृत